# बाह्र



**रामकृष्ण रेग्मी**

रामकृष्ण रेग्मी स्वतन्त्र पत्रकार तथा आमसञ्चार अर्थशास्त्रका प्राध्यापक हुनुहुन्छ। तीन दशकभन्दा बढी समयदेखि पत्रकारितामा अभ्यासरत रेग्मी हाल कान्तिपुर सिटी कलेजअन्तर्गत स्कूल अफ ह्यूमानिटिज एण्ड सोसल साइन्सेजका प्रमुख हुनुहुन्छ। उहाँको लेखन, सम्पादन तथा सहलेखनमा अङ्ग्रेजी र नेपालीमा प्रकाशित सात पुस्तकमध्ये *फायरिङ करप्सन, नेसनल इन्टेग्रिटी सिस्टम* र *समाचारकर्मी* हुन्। उहाँका मानवअधिकार र प्रेस; पर्यावरण र प्रेस तथा भ्रष्टाचार विरुद्धको प्रेस अभियानसँग सम्बद्ध शोध लेख तथा अन्य विषयका समसामयिक आलेख अङ्ग्रेजी र नेपालीमा प्रकाशित छन्।

**नेपालमा २०३३ सालदेखि प्रमाणपत्र तहमा र २०३६ सालदेखि स्नातक तहमा पत्रकारिताको अध्यापन सुरु भएको हो। २०५८ सालदेखि एकै चोटि तीनओटा शिक्षण संस्थाले पत्रकारितामा स्नातकोत्तर तहको पढाइ सुरु गरे। स्नातकोत्तरको पढाइ किन ढिलो गरी सुरु भएको होला ?**

यी तीन तहको पढाइ प्रारम्भमा देखिएको समयको अन्तराल करिब तीन वर्ष र बाईस वर्ष स्वयंले पत्रकारिताको अध्ययनलाई महत्त्व नदिइएको, बेवास्ता गरिएको कुरामा प्रकाश पारेको स्पष्ट हुन्छ। पत्रकारिता अध्ययनबिना नै पत्रकारिता आनन्दसँग सञ्चालन भइरहेको अवस्थामा यस्तो हुनुलाई अस्वाभाविक मान्नु पो कसरी ? देशमा प्रजातन्त्र छ, यसैले पत्रपत्रिका चलेका छन् भनी बाहिरी विश्वलाई देखाउनमा मात्र बढी रुचि राख्ने तत्कालीन राजनीतिक व्यवस्थाले गर्दा पनि यस्तो हुन गएको हो, छयालीस सालपछिको अवस्थामा त्यसमा परिवर्तन आए पनि यस क्षेत्रको विकासका लागि जे गर्नु पर्ने हो त्यो गर्न उपयुक्त कार्यक्रम ल्याउने उत्साह सिर्जना हुन सकेन। पत्रकारिताभित्रको आमसञ्चार आयामबाट समाजलाई साँच्चि नै लाभान्वित गराउने बृहत् सोचको कमी त्यस बेला थियो। यसले गर्दा यसको अध्ययन रछ्यानमा परेसरह भएको हो र पत्रकारिता अध्ययन गरेर अभ्यास गर्नुपर्ने विषय हो भन्नेहरू कसिङ्गर बराबर हुन पुगेका हुन्। उच्च शिक्षामा यसको पढाइमा देखिएको विलम्ब पछाडि यिनै कारणहरू रहेका हुन्।

**नेपाली विश्वविद्यालयको पाठ्यक्रम र बाहिरका विश्वविद्यालयका पाठ्यक्रममा कस्तो भिन्नता छ ? यहाँका विद्यार्थीले सैद्धान्तिक ज्ञान बढी, व्यावहारिक ज्ञान कम पाउँछन् भन्ने गरेको पाइन्छ। के यो साँचो हो ? हो भने व्यावहारिक ज्ञानलाई किन कम महत्त्व दिइएको हो ?**

आमसञ्चार र पत्रकारिताको पाठ्यक्रम भनेको अन्य विषयको झैँ समाज र समय सापेक्ष हुन्छ, प्रचलित शिक्षा प्रणालीको परिवेशमा रहेको हुन्छ। यसैले कुनै दुई विश्वविद्यालयको पाठ्यक्रम गणितीय हिसाबमा उस्तै हुँदैनन्। विश्वविद्यालय विशेषको खास झुकाव, सिद्धान्त र आस्थाले पनि खास खास तहमा अन्तर बढी मात्रामा सघन भएर रहेको हुन्छ। यही कुरा नेपाली र विदेशी विश्वविद्यालयमा अध्यापन गरिने आमसञ्चार र पत्रकारिता पाठ्यक्रममा देखिन्छ। आधारभूत विषयवस्तु र सामान्य सैद्धान्तिक अंशमा भने खास तात्विक भिन्नता देखिँदैन। पाठ्यक्रमकै आधारमा सैद्धान्तिक ज्ञान बढी र व्यावहारिक अभ्यास कम पाउने स्थिति हुनुपर्ने छैन। तर पाठ्यक्रमको कार्यान्वयन पक्षमा व्यवस्थापन मिलेन

भने यस्तो अवस्था आउन सक्छ । सायद यसको आधारमा यस किसिमको प्रश्न समय समयमा उठाउन आवश्यक परेको होला ।

**तपाईं त्रिभुवन विश्वविद्यालय अन्तर्गतको रत्नराज्य क्याम्पसमा हुनुहुन्थ्यो र पछि पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत कान्तिपुर सिटी कलेजमा आउनुभयो । यी दुई संस्थाको पठनपाठन शैलीमा भिन्नता छ केही ? यी क्याम्पसहरूमा पढाइ पूरा गरेका विद्यार्थीले काम पाउने प्रवृत्तिबारे कस्तो मूल्याङ्कन गर्नुभएको छ ?**

माफ गर्नुहोला, म रत्नराज्य क्याम्पसमा अध्यापनको भूमिकामा अहिलेसम्म कहिल्यै रहेको छैन । तर समाचारदाता भएर कार्य गर्दा र आमसञ्चार शिक्षामा संलग्न रहँदा समय समयमा सो क्याम्पसको पत्रकारिता विभागसँग अन्तर्क्रिया, गोष्ठी, सामयिक व्याख्यान, विचार विमर्शका क्रममा सम्पर्क हुने गरेको हो । पछि त्रिभुवन विश्वविद्यालयको विषय समितिमा सदस्य भएपछि त्यस समितिको बैठकमा भाग लिने गरेको हुँ । विषय समिति भनेको पाठ्यक्रम, अध्ययन सामग्री, पुस्तक, त्यसलाई पढाइने विधि, परीक्षा लिने आधार, तथा जनशक्तिले शिक्षण क्रममा अवलम्बन गर्नुपर्ने कार्य आदिका सम्बन्धमा आवश्यक एकेडेमिक शैक्षिक प्रावधान गर्न सम्बद्ध डिनलाई सुझाव दिने विज्ञ, अनुभवी, व्यवसायी, प्राध्यापनमा संलग्न व्यक्तिहरूको सहभागिता हुने निकाय हो । पछि कान्तिपुर सिटी कलेजको अनुरोधमा त्यहाँ आमसञ्चार तथा पत्रकारिता विभाग सञ्चालन गर्न र अध्यापन गर्न गएको हुँ । त्यसै क्रममा पूर्वाञ्चल विश्वविद्यालयले आमसञ्चार तथा पत्रकारिता विभागको अध्यक्षमा मनोनयन गरेको हो र त्यसअनुरूप सो समितिमा रहेको हुँ ।

दुवै संस्था उच्च शिक्षाको महान् आदर्शप्रति प्रतिबद्ध भई कार्यरत रहेकाले तिनको अध्यापनमा खास अन्तर होला जस्तो लाग्दैन । तर दुवैको परिवेश र सन्दर्भ फरक फरक भएकाले पठनपाठनको शैलीमा केही भिन्नता होला, यसलाई संस्था विशेषको शैली र अन्तर भनेर लिनु राम्रो होला । उच्च शिक्षाको प्राङ्गणमा स्वाभाविक रूपले आउने प्रतिस्पर्धा ठानेर हेर्दा पनि नहुने होइन । यिनमा अध्ययन गर्ने विद्यार्थीले प्राप्त गर्ने डिग्री समान छ, त्यस डिग्रीलाई दुवै विश्वविद्यालयले पारस्परिक सम्मान गरेका छन् । सबैले यस्तै मान्यता दिनुपर्छ भन्ने मेरो मान्यता हो । दुवैका उत्पादनहरूले बजारमा राम्रो स्वागत पाएको सुखद अनुभव छ । विद्यार्थी विशेषको खास दक्षता भनेको सधैँ नै रहिरहने कुरा हो । यसैले कसैलाई

सामान्य देखाउँछ, कसैलाई ताराको रूपमा चम्काउँछ । जनसंसाधन विज्ञले यसलाई विशेष ढङ्गमा केलाउने सम्भावनालाई नकार्न भने सकिन्न ।

**रत्नराज्य क्याम्पसमा पत्रकारितामा स्नातकोत्तर गर्नका लागि स्नातकमा पनि पत्रकारिता पढेको हुनुपर्छ । तर कान्तिपुर सिटी कलेजमा जुनसुकै विषयमा स्नातक गरेकाले पनि पत्रकारितामा स्नातकोत्तर गर्न पाउँछन् । किन यस्तो खुला गर्नुपरेको हो ? पत्रकारिताको ज्ञान नभएकालाई एकै चोटि स्नातकोत्तरमा अध्यापन गर्दा कठिन हुँदैन ?**

आमसञ्चार र पत्रकारिता इन्टरडिसिप्लिनरी (अन्तरविषयीय) विषय हुन् भन्नेमा म आस्था राख्छु । यसैले सबैलाई यी विषय अध्ययन गरेर आफ्नो जीवन, पेशा, वा विषयगत दक्षता र रुचिलाई बढी स्तरीय पार्ने अवसर प्राप्त हुनुपर्छ भन्ने मेरो मान्यता हो । वास्तवमा आमसञ्चार र पत्रकारिता अभिव्यक्ति र सञ्चारका औजार हुन् । यसै विश्वासले मलाई कान्तिपुर सिटी कलेज पुऱ्याएको हो, खास विषयमा स्नातक गरेका व्यक्तिलाई आमसञ्चार र पत्रकारिता अध्यापन गर्ने कार्यमा संलग्न हुने अवसर दिएको हो । बितेका छ सात वर्षको अनुभवले मलाई यस कुरामा झन् बढी विश्वस्त तुल्याएको छ । तर यसो भनेर स्नातक तहमा पत्रकारिता पढ्नेलाई मात्र त्यो विषयको एमए अध्ययन गर्न पाउने व्यवस्था गलत हो भन्ने पक्षमा म छैन । त्यो एउटा उच्च शिक्षाको प्रावधान हो जसलाई सम्मान गर्नु पर्छ । त्यो एउटा विकल्प हो जसको पछाडि नेपाली उच्च शिक्षाको इतिहास छ । समयको परिवर्तनसँग त्यो प्रावधानलाई बदल्न खोज्दा राम्रो हुन्छ जस्तो लाग्छ । जहाँसम्म स्नातकसम्म एक वा दुई विषय र स्नातकोत्तरमा आमसञ्चार र पत्रकारिता अध्ययन गर्दा गाह्रो हुँदैन भन्ने प्रश्न छ, त्यसलाई उपयुक्त अध्यापन विधि र विद्यार्थीको लगनशीलताले सहज बनाउने मेरो पहिलेको विश्वास र अहिलेको प्रत्यक्ष अनुभव हो । अन्य देशमा पनि नितान्त वैज्ञानिक र तकनिकी विषयबाहेक अन्यमा एक विषयको उच्च शिक्षाको विद्यार्थीलाई अन्यमा सम्मिलित हुन रोकिँदैन ।

**पूर्वाञ्चल विश्वविद्यालयको पत्रकारिताको पाठचक्रम बनाउने क्रममा तपाईं पनि सरिक हुनुहुन्थ्यो । यो पाठचक्रम समयसापेक्ष छैन र परिमार्जन गरिनुपर्छ भन्ने गरेको पाइन्छ । तपाईंलाई कस्तो लाग्छ ?**

पूर्वाञ्चल विश्वविद्यालयको स्नातकोत्तर तहको आमसञ्चार र पत्रकारिता (एमए एमसीजे) को पाठचक्रम विश्वविद्यालयको पाठचक्रम हो । यसमा विज्ञहरूको

योगदान छ, उच्च शिक्षाविद्हरूको परिश्रम परेको छ, र खास सञ्चारकर्मीहरूको अनुभव सँगालिएको छ । के पढाउने, कसरी पढाउने, कसले पढाउने, मूल्याङ्कनको विधि के, व्यावहारिक अभ्यासको सँगालो प्रोजेक्ट वर्क १, २, ३ र थेसिस कस्तो हो, आन्तरिक परीक्षा कस्तो हो, अन्तिम परीक्षाको स्वरूप के, सञ्चालन गर्ने जनशक्ति को हुनसक्छ आदि सम्पूर्ण कुरा अग्रीम रूपमा लिखित रूपमा खुलाएर विश्वविद्यालयको औपचारिक विधिअनुरूप पाठ्यक्रम कार्यान्वयन गरिएको हो । यसलाई सामूहिक प्रयासको गहन दस्तावेज भन्नुपर्छ र यसलाई व्यक्ति विशेषको सरिकताको आयामबाट हेर्नुहुन्न । यसमा मेरो सरिकता छ छैन को कुनै अर्थ छैन ।

हो, आमसञ्चारको उच्च शिक्षा नेपालमा राम्ररी व्यवस्थित हुनु पर्छ भनेर मैले धेरै अघिदेखि भन्दै आएको हुँ । वि.सं. २०२८ मा पत्रकारिता थालेको झण्डै एक दशकपछि देखि कुनै न कुनै रूपमा आमसञ्चार शिक्षामा संलग्न पनि भएको हुँ । वास्तवमा एमए एमसीजेसम्बन्धी एक कार्यपत्र मैले एमए एमसीजे सुरु हुनु धेरै अघि कान्तिपुर सिटी कलेजले आयोजना गरेको गोष्ठीमा पेश गरेको हुँ । त्यो गोष्ठीमा विश्वविद्यालयहरूका अधिकृतहरू, उपकुलपति, डीन, प्राध्यापक, पत्रकार, रेडियो टेलिभिजन पत्रकार, तालिम संस्थाका प्रतिनिधि, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि हुनुहुन्थ्यो । त्यस गोष्ठीमा अभिव्यक्त भावनालाई समेटेर कार्यपत्र परिमार्जन गरी गोष्ठी सञ्चालक संस्थासमक्ष पेश गरेको हुँ ।

जहाँसम्म पाठ्यक्रम समयसापेक्ष छैन, परिमार्जन गर्नुपर्छ भन्ने कुरा हो, त्यो सही कुरा हो । कुनै पनि एक समयमा बनाएको पाठ्यक्रम सधैँका लागि हुन सक्दैन । बदल्ने नाममा वर्ष वर्षमा पनि बदल्न हुन्न, त्यसो गर्दा स्तर खस्न सक्छ । नबदल्ने भनेर परिमार्जनका लागि स्थान नै नदिने पनि होइन, त्यसो गर्दा गतिशीलता हराउँछ । वास्तवमा परिमार्जनका लागि केही प्रयास भएको छ । कान्तिपुर सिटी कलेजले सम्बद्ध सबैसँग परामर्श गरेर कस्तो परिमार्जन गर्ने भनेर एउटा सानो प्रस्तावना पेश गरिसकेको मलाई थाहा छ। विषय समिति र विश्वविद्यालयले परिमार्जनको विधि अपनाएर समयमा आवश्यक सबैसँग विचार विमर्श गरी आवश्यक फेरबदल गर्ने आशा लिएको छु ।

**जनशक्ति, प्रविधि र भौतिक साधनका हिसाबले नेपालको पत्रकारिता पढाइ कस्तो अवस्थामा छ ?**

पत्रकारिताको पढाइका लागि अहिले नेपालमा जनशक्ति केही मात्रामा छ, विगतको तुलनामा प्रशस्त छ । पत्रकारिताका उत्पादनले नै यसलाई धान्ने स्थिति छ । प्रविधिमा अलि मिहेनत गर्नु पर्छ, अध्यापन प्रविधि, सञ्चार प्रविधि र

पत्रकारिताका प्रविधिमा अहिले भइरहेको द्रुत प्रगति र परिवर्तनलाई समातेर नेपाली समाजमा उपयुक्त ढङ्गले लगाउन सक्ने गरी उच्च शिक्षा सञ्चालन गर्नु परेको छ । भौतिक साधनको कमी छ, यो सधैं खट्किने कुरा हो, पुस्तकालय, क्यामेरा, प्रसार प्रयोगशाला, प्रेस, टेलिभिजन प्रयोगशाला, अनुसन्धान सुविधा, समाचारकक्ष, सञ्चार कक्ष, चित्र प्रयोगशाला र कम्प्युटर कक्ष आदि सबै जुटाउनु चुनौतीपूर्ण नै छ ।

**सिपालु पत्रकार बन्नका लागि तपाईं तालिम बढी लाभदायक देख्नुहुन्छ कि विश्वविद्यालय स्तरको अध्ययन ?**

यसमा यो (तालिम) र त्यो (अध्ययन) भन्ने कुरा होइन । तालिमको विकल्प अध्ययन होइन, अध्ययनको विकल्प तालिम होइन । दुवैलाई सँगैसँगै लानुपर्छ । विश्वविद्यालयको अध्ययन सकेपछि पनि तालिमको आवश्यकता पर्छ, विश्वविद्यालय शिक्षा सम्भव नदेखिँदा तालिमले काम चलाउनु पर्छ । सिपालु पत्रकारले अध्ययन गर्नुपर्छ, पछिको परिवर्तन र नवीकरणसँग परिचित गराउन तालिम लिनुपर्छ । सन् नब्बेको दशकको उत्तरार्द्धसम्म पनि आमसञ्चार अध्ययन गर्नेलाई स्क्रोल समाचार[१] लेखन अध्ययन गर्नु आवश्यक थिएन, अहिले त्यो नभई नहुने स्थिति छ । मैले आमसञ्चार पढ्दा अनलाइन जर्नालिजम र मोबाइल फोनको परिवेश थिएन । अहिले म ती दुवैलाई विद्यार्थीसमक्ष कक्षामा पेश गर्दछु ।

**नेपालमा पत्रकारितासम्बन्धी लामो या छोटो अवधिका तालिम दिने संस्था निकै धेरै छन् । तिनले कत्तिको सघाउन सकेका छन् नेपाली मिडियालाई ?**

नेपाली पत्रकारितालाई अघि बढाउन तालिम संस्थाको ठूलो योगदान छ । तिनको बिगुल फुकाइले नेपाली पत्रकारिताको अनुहार फेरिएको हो । नेपाल प्रेस इन्स्टिच्यूट, मिडिया प्वाइन्ट, सञ्चारिका समूहलाई यस सन्दर्भमा उल्लेख नगरी हुँदैन । हो, कालान्तरमा खुलेका केही संस्थाले तालिमप्रति न्याय गर्न सकेको

---

१ स्क्रोल समाचार टेलिभिजन पर्दामा (वा त्यसको पुछारमा) आवश्यक पर्दा जुन बेला पनि प्रवाह गरिने वा देखाइने नितान्त ताजा र सङ्क्षिप्त समाचार जसलाई छापा माध्यमको शीर्षक वा हेडलाइन वा लीड सूचना सामग्री सरह मानिन्छ र जसमा खास समय सीमा (डेडलाइन) रहँदैन । अहिले नेपालमा यसको प्रचलन फेसनको रूपमा अघि बढेको छ तर प्रस्तुति सीप, शब्द चयन, सङ्क्षेपीय शैली, सूचनाको वजन, गाम्भीर्य, सूचनात्मकता, र विश्वसनीयतामा त्यति ध्यान दिने प्रचलन भएको देखिँदैन । स्क्रोल समाचार जागरुक रिपोर्टिङ, कुशल सम्पादकीय प्रस्तुति हो, यसलाई अहिले नेपालमा झैँ अपरेटर तजविजीमा प्रवाहित गर्नु खतरापूर्ण हुनसक्छ ।

देखिँदैन । यसमा विचार पुऱ्याउनु आवश्यक छ । खुलापन र व्यावसायिक प्रतिस्पर्धा तीक्ष्ण हुँदै जाँदा न्याय गर्न नसक्ने संस्थाको स्वतः वाष्पीकरण हुनेछ ।

**तपाईंले आफ्नो एक लेखमा पत्रकारिता शिक्षालाई संस्थागत गरिनु आवश्यक छ भन्ने उल्लेख गर्नुभएको थियो । के हो यो भनेको, प्रस्टचाइदिनुहोस् न ।**
यसको अर्थ यस्तो छ : तालिम, विश्वविद्यालय शिक्षा र प्लस टू कार्यक्रम अहिले सञ्चालन हुन्छन् तर तिनको उत्पादनलाई आमसञ्चार बजारमा अर्थात् खास कार्यथलोमा आ-आफ्नो तहमा अनिवार्य रूपमा मान्यता प्राप्त छैन । सम्बद्ध सीप जानेकाले सम्बद्ध कार्य पाउने ठेगान छैन । संस्थागत रूप दिने कार्य भएमा यस्तो हुँदैनथ्यो । तालिम नपाएका, शिक्षा नलिएका र प्लस टू नगरेकाले पत्रकारिता गर्न नपाउने भन्ने अर्थमा भने यो कुरालाई लिनु हुँदैन । तर  निरन्तर रूपमा पत्रकारिता गर्ने हो भने यी तीनमध्ये कुनै विधामा अभ्यस्त हुनु अनिवार्य छ । कालान्तरमा सञ्चार कार्यमा आमसञ्चार पत्रकारिता गरेका जनशक्तिलाई अवसर हुने वातावरण बन्दा नेपाली समाज लाभान्वित हुनेछ, नेपाली समाज उपयुक्त रूपमा सुसूचित हुनेछ ।

**पछिल्ला वर्षहरूमा मिडियासम्बन्धी धेरै पुस्तक प्रकाशित भइरहेका छन् । मिडिया पठनपाठनका लागि तिनको केही उपादेयता देख्नुहुन्छ ? अथवा तिनको गुणस्तर, प्रकार, समेटेको विषयवस्तु आदिका आधारमा ती कस्ता छन्, केही भन्न सकिन्छ ?**
आमसञ्चार साहित्य गहन हुनु राम्रो कुरा हो, बर्सेनि किताबका सङ्ख्या थपिनु उत्साहवर्द्धक प्रसङ्ग हो । निश्चय नै तिनबाट मिडिया पठनपाठनमा सहायता मिलेको छ । गुणस्तर र विषयवस्तुको दृष्टिकोणले हेर्दा भने केही उल्लेखनीय छन् केहीमा सुधारको आवश्यकता देखिन्छ । समग्र प्रकाशनका सम्बन्धमा म यहाँ हचुवा टिप्पणी गर्न उचित ठान्दिनँ । हो, किताब, किताब जसरी लेखिनुपर्छ, सङ्कलन, सङ्कलन जसरी लेखिनुपर्छ, शोध कार्य, शोध कार्य जसरी लेखिनुपर्छ, आलोचना, आलोचना जसरी लेखिनुपर्छ र अनुवाद, अनुवाद जसरी लेखिनुपर्छ भन्नेमा सबैको ध्यान गएमा प्रकाशनमा गुणस्तर कायम हुन सम्भव छ । ती सबै कुरा मात्र प्रस्तुति हुन्, आफूले कम्प्युटर खेस्रामा जे कोऱ्यो, लेसन प्लानमा जे फेला पऱ्यो, त्यो नै पुस्तकको रूप हो भन्ने भ्रम भने हटाउनु जरुरी छ ।

**नेपालमा मिडिया अनुसन्धानको अभ्यास कसरी भइरहेछ ? त्यसप्रति तपाईंको मूल्याङ्कन के हो ?**

आमसञ्चार क्षेत्र र पत्रकारितामा अनुसन्धानको स्थिति बिजोगपूर्ण छ। यसमा सञ्चार संस्थाबाट जोड नदिनु निकै नै दुःखदायी कुरा हो। अनुसन्धानलाई काउसो ठान्ने प्रवृत्ति एकातिर रहेको पाइन्छ भने अर्कोतिर आफूलाई अनुकूल हुने गरी अनुसन्धान गराउने चलन रहेको देखिन्छ। आमसञ्चार क्षेत्रमा लिइने कुनै पनि निर्णय र नीतिको पछाडि अनुसन्धान हुनु अनिवार्य छ तर यस कुरालाई त्यति महत्त्व दिइँदैन। कालान्तरमा यसमा केही परिवर्तन आउला भन्ने आशा लिएको छु। आमसञ्चार शिक्षाप्राप्त व्यक्तिहरू निर्णयकर्ता भएपछि स्थितिमा परिवर्तन आउनेमा मेरो भरोसा छ।

**सञ्चारसंस्था बाहिरबाट स्वतन्त्र हिसाबले पनि मिडियाका विभिन्न पक्षहरूबारे अनुसन्धान हुने गरेको पाइन्छ। ती कस्ता छन् ?**

यहाँले भन्नुभए झैँ केही क्षेत्रमा अनुसन्धान भएको देखिन्छ, समग्रमा ती प्रयास राम्रै छन्, यो क्रम जारी रहनु पनि पर्छ। तिनमा आमसञ्चारको आयामबाट, विधिबाट, र प्रचलनबाट अध्ययनलाई निर्देशित गर्नुपर्ने देखिन्छ। कता कता सञ्चार शोधकार्य भनेको जसरी गरे पनि हुन्छ र खास कुरामा औचित्य देखाउनका लागि शोध हुनुपर्छ भन्ने हलुका भाव तिनमा रहेको महसुस मैले गरेको छु। तर यही इम्प्रेसनका आधारमा ती अनुसन्धानको लेखाजोखा यहाँ गर्न म असमर्थ छु। अनुसन्धानको दिशा समाज, मानवीय एवं नागरिकी चासो, भाषा, संस्कृति, सन्देश दिने लिने सम्पूर्ण सन्दर्भ र तकनिकीका कोणतिर उन्मुख हुनुपर्ने कुरा भने स्पष्ट छ।

**पत्रकारिता तथा आमसञ्चार विषयको स्नातकोत्तर तहमा शोधपत्र अनिवार्य छ। तर यसमा गरिने शोधपत्र किन गुणस्तरीय हुन सकिरहेका छैनन् ? यसलाई सुधार्न के प्रयास भएको छ ?**

हो, त्यो तहमा शोधपत्र अनिवार्य छ। यसलाई एकेडेमिक तथा प्रोफेसनल आयामबाट हेर्नु जरुरी छ। बाह्य क्षेत्रको अनुसन्धानका पूर्वाधार जस्तै पूर्वाधार यस्तो शोधकार्यमा तोक्न गाह्रो हुन्छ। तोकियो भने विद्यार्थीको लागि त्यो आर्थिक दृष्टिले असम्भव हुन जान्छ। यसका नियमहरू पनि बेग्लै छन्। मलाई विद्यार्थीको शोधपत्र आ-आफ्नो ढङ्गमा राम्रो लागेको छ। हो, बढी भन्दा बढी गुणस्तरीय पार्न खोज्नु राम्रो हो।

शोधपत्रमा गुणस्तरीय सुधारका लागि कान्तिपुर सिटी कलेजमा प्रत्येक वर्ष केही ताजा प्रयास हुने गरेको मेरो अनुभव छ। विभागीय प्रयासमा प्रत्येक ब्याचका निमित्त शोध चिन्तन र अभ्यासको प्रावधान अनिवार्य गरिएको छ। बितेको वर्षको अभ्यासबाट पाठ सिकी आमसञ्चार शोधका समकालीन प्रवृत्तिलाई केलाउँदै नयाँ विद्यार्थीको शोधकार्यमा केही सारगर्भिता थप गर्ने प्रयास जारी छ। शोध कार्यशाला, विषय चयन, समस्या अन्वेषण, सम्बद्ध साहित्यको पुनरावलोकन, विधिको तय, स्थलगत अनुसन्धान, प्रश्नावली निर्माण, साङ्ख्यिकीय विश्लेषण, शोध प्रतिवेदन र त्यसको भाषासँग सम्बद्ध सीप अवगत गराउने प्रयासमा विशेष जोड दिने गरिएको छ। कलेजको शोधकार्य भनेको विद्यार्थीलाई कालान्तरमा पेशागत जीवनमा, समाजमा, बजारमा समस्या समाधानका लागि आफैँ स्वतन्त्र रूपमा आत्मनिर्भर तवरमा स्तरीय शोधकार्य गर्न सक्ने क्षमता प्रदान गर्ने, शोध गर्ने आत्म विश्वास दिलाउने एक औजार पनि हो। यसै कुरालाई ध्यानमा राखी कान्तिपुर सिटी कलेजमा शोध अभ्यासमा हरेक वर्ष केही न केही थप कार्य हुने गरेको छ। तर थुप्रै कार्य गर्न बाँकी छ, विद्यार्थीलाई निर्धारित अध्ययन सीमाभित्र शोध लेखन सक्न सबल गराउने दिशामा ठोस उपाय अवलम्बन गर्नुपर्ने आवश्यकता टड्कारो छ। लक्ष्य, विधि र उपसंहारबीच पूर्ण शोध सामञ्जस्य ल्याउनैपर्ने अनिवार्यतामा शोधकर्तालाई प्रेरित गर्न उपयुक्त रणनीतिको खोजी गर्दै जानु छ। स्नातकत्तोर तहको शोध लेखनलाई सही अर्थमा पिएचडीको पूर्व प्राक्कथन कसरत सरह तुल्याउन धेरै दूरी तय गर्नु छ।

**तपाईं नेपाल आमसञ्चार प्रशिक्षक सङ्घमा पनि हुनुहुन्छ। यसले के के काम गर्छ? यसले विगतमा केही पुस्तक प्रकाशन गरेको थियो। अचेल कुनै नयाँ पुस्तक देख्न पाइएको छैन। किन रोकियो प्रकाशनको क्रम?**

सङ्घमा सुरुमा म थिएँ। अहिले म त्यसमा छैन। यसले नयाँ नयाँ पुस्तक प्रकाशन गरोस् र यो संस्था उत्तरोत्तर ढङ्गमा अघि बढोस् भन्ने मेरो कामना छ।

**तपाईंले आफ्नो एक कार्यपत्रमा स्वतन्त्र सञ्चारमाध्यम र निष्पक्ष रिपोर्टिङ अहिलेको आवश्यकता हो भन्ने आशय व्यक्त गर्नुभएको थियो। किन अहिले त्यस्तो छैन र? सञ्चारमाध्यम स्वतन्त्र छैनन् र?**

सञ्चारमाध्यम स्वतन्त्र रूपमा कार्य गरेको जस्तो देखिन्छ। तर वास्तवमा तिनले अपेक्षित रूपमा बहुलता, विविधता तथा सर्वपक्षलाई समेट्न अझै धेरै प्रयास गर्नुपर्ने कुरा तिनको सामग्रीले देखाइरहेको छ। आफ्नै पूर्वाग्रह हो वा कसैको

पूर्वाग्रहले, सञ्चारमाध्यम जालोमा परेको प्रजातन्त्रको लागि राम्रो होइन। सबैको सही आवाज बन्ने तिनको प्रयास सफल हुनुपर्छ भन्ने मेरो मान्यता हो। समाजको शुद्ध 'वाचडग' हुनुको विकल्प छैन र त्यस क्रममा निष्पक्ष रिपोर्टिङलाई नअँगाली हुँदैन।

**भ्रष्टाचारबारे तपाईंले अध्ययन गर्नुभएको थियो। भ्रष्टाचार नियन्त्रणमा मिडियाको कस्तो भूमिका हुन सक्छ? यसबारे नेपाली मिडियाले गरिरहेको अभ्यासलाई तपाईं कसरी मूल्याङ्कन गर्नुहुन्छ?**

हो, समाचारकर्मीको काम गर्दा मैले भ्रष्टाचारविरुद्धका पुस्तक र लेख लेखेको छु। आमसञ्चारले भ्रष्टाचारविरुद्ध जागरण फैलाउने, दण्डहीनतालाई हटाउने, पारदर्शितालाई प्रोत्साहन गर्ने र सुशासनको अनुभूति आम नागरिकमा हुने ढङ्गले सूचना सङ्कलन र प्रस्तुति गर्दा राम्रो हुनेछ। भ्रष्टाचारबारे नेपाली मिडिया सचेत छ तर त्यसलाई हटाउने गरी पत्रकारिता गर्ने निर्धक्क स्थिति छैन।